पाठ ३९

१. मोसाको सट्टामा इज्रेलीहरूको अगुवाइ गर्न परमेश्वरले चुन्नुभएका नयाँ अगुवा को थिए ?
- यहोशू ।

२. के परमेश्वरले अब्राहामसँग गरेको प्रतिज्ञा कायम राख्नभयो र इज्रेलीहरूलाई कनानमा लैजानुभयो ?
- गर्नुभयो ।

३. यहोशू मरेपछि इज्रेलीहरूले के गरे ?
- यहोशू मरेपछि इज्रेलीहरूले परमेश्वरलाई इन्कार गरे र धेरै अधर्मी भए ।

- यहोशू मरेपछि इज्रेलीहरूले मूर्तिहरू बनाए र त्यसैलाई पूज्न सुरू गरे ।

४. इज्रेलीहरूलाई छल गर्ने को थियो जसले गर्दा तिनीहरूले परमेश्वरलाई बिर्सिएर मूर्तिपूजा गर्न थाले ।
- शैतान ।

५.यदि हामीले परमेश्वरभन्दा बाहेकको अरू थोकलाई पूजिरहेका हुन्छौं भने हामी कसको पूजा गरिरहका हुन्छौं ?
- शैतानको ।

६. शैतान किन मानिसहरूलाई मूर्तिहरू पूज्नतिर अगुवाइ गरिरहेको हुन्छ ?
- किनभने शैतान परमेश्वरलाई घृणा गर्छ र परमेश्वरलाई कसैले पूजेको हेर्न चाहदैन ।
- किनभने शैतानले सबै मानिसलाई घृणा गर्छ र कोही मानिस पनि परमेश्वरबाट बचाइएको हेर्न चाहदैन ।

७. मूर्तिहरूको पूजा गरेकोमा परमेश्वरले इज्रेलीहरूलाई कसरी दण्डित गर्नुभयो ?

- परमेश्वरले इज्रेलीहरूका शत्रुहरूलाई बोलाउनुभयो र तिनीहरूको बालिनाली सखाप पार्न लाउनुभयो ।
- परमेश्वरले इज्रेलीहरुका शत्रुहरूलाई बोलाउनुभयो र तिनीहरूका सबै बस्तुभाउ चोर्न लाउनुभयो ।
- परमेश्वरले इज्रेलीहरूका शत्रुहरूलाई बोलाउनुभयो र इज्रेलीहरूलाई दास बनाउन लाउनुभयो ।

८. जब इज्रेलीहरूले तिनीहरूका पाप स्वीकार गरे र परमेश्वरलाई तिनीहरूलाई बचाउनुहोस् भनी आग्रह गरे त्यसपछि परमेश्वरले के गर्नुभयो ?
- जब इज्रेलीहरूले तिनीहरूका पाप स्वीकार गरे र परमेश्वरलाई तिनीहरूलाई बचाउनुहोस् भनी आग्रह गरे परमेश्वरले इज्रेलीहरूबाट लोग्नेमानिस र स्वास्नीमानिसलाई चुन्नुभयो जसले तिनीहरूका शत्रुहरूलाई पराजित गर्न इज्रेलीहरूको अगुवाइ गर्नेथिए ।

- परमेश्वरले इज्रेलीहरूबाट तिनीहरूका शत्रुहरूलाई पराजित गर्न चुन्नुभएका लोग्नेमानिस र स्वास्नीमानिसहरू के कहलाइन्थे ?
- न्यायकर्ता ।

१०. परमेश्वरले अझै किन इज्रेलीहरूलाई प्रेम गर्नुभयो र तिनीहरूको सुरक्षा गर्नुभयो ?
- किनभने परमेश्वरले अब्राहाम, इसहाक र याकूबसँग तिनीहरूका धेरै दरसन्तानहरू हुनेछन् र तिनीहरू महान् मानिसहरू हुनेछन् भनेर प्रतिज्ञा गर्नुभएको थियो ।

११. इज्रेलीहरूको अन्तिम न्यायकर्ता को थिए ?
- शमुएल ।

१२. शमुएल मर्नुभन्दा पहिले इज्रेलीहरूले शमुएललाई के गर्नुहोस् भनी आग्रह गरे ?
- इज्रेलीहरूले शमुएललाई तिनीहरूको अगुवाइ गर्न एकजना राजा छान्नुहोस् भने ।

१३. यो कुराले शमुएललाई किन दुखी बनायो ।
- शमुएल दुखी बने किनभने इज्रेलीहरूले परमेश्वरलाई तिनीहरूका राजाका रूपमा स्वीकार गर्न इन्कार गरेका थिए ।

- परमेश्वरले शाउललाई इज्रेलीहरूका प्रथम राजा हुन छान्नुभयो ।

- किनभने परमेश्वरले शाउललाई छान्नुभयो त्यसैले परमेश्वरले शाउलले उहाँको आज्ञा मानून् भन्ने चाहनुभयो तर तिनले परमेश्वर आज्ञा उल्लङ्घन गरे ।

- त्यसकरण शमुएलले शाउललाई परमेश्वरले इज्रेलीहरूको राजा हुनलाई अर्कै मानिस छान्नुभएको छ भने ।

आउनुस् १ शमुएल १३:१३-१४ पद पढौं ।

13 शमूएलले भने, "तपाईंले मूर्खता पूर्ण काम गर्नुभयो। तपाईंले परमप्रभु तपाईंका परमेश्वरको आदेशको पालन गर्नुभएन! यदि तपाईंले परमेश्वरको आदेशको उङ्घन नगरेको भए परमेश्वरले तपाईंको परिवारलाई सदाको निम्ति इस्राएलको शासन दिनुहुन्थ्यो।
14 अब तपाईंको शासन अझ अघि बडने छैन। परमप्रभुले यस्तो मानिस खोज्नु भएको थियो जसले उहाँको आदेश पालन गर्छ। परमप्रभुले उहाँले चाहेको जस्तो मानिस भेट्टाउनु भएको छ र परमप्रभुले त्यही मानिसलाई आफ्ना मानिसहरूको प्रमुख बनाउँनु हुनेछ। तपाईंले परमप्रभुको आदेश पालन गर्नु भएन यसकारण उहाँले अर्को नया राजा छान्नु हुनेछ।"

- जब शाउलले परमेश्वरको आज्ञा उल्लङ्घन गरे त्यसपछि परमेश्वरले इजरायलको अर्को राजा बन्नलाई कसलाई छान्नुभयो ?
- दाउद ।

- परमेश्वरले दाऊदला इज्रेलीहरूको दोस्रो राजा हुनलाई छान्नुभयो ।

आउनुस् १ शमुएल १६:१ र १३ पद पढौं ।

परमप्रभुले शमूएललाई भन्नुहुन्छ, "कति दिन शाऊलको निम्ति दुःखीत भइरहन्छस्? शाऊललाई मैले इस्राएलको राजपदबाट हटाइसकें तरै पनि त्यसको दुःख मानिरहन्छस्। तँसित भएको सींङ तेलले भर र बेतलेहेम जा। म तँलाई बेतलेहेमको यिशै नाउँको मानिसकहाँ पठाउँदैछु। यिशै बेतलेहेममा बस्छ। मैले त्यसकै एकजना छोरालाई नयाँ राजाको रूपमा चुनें।"
13 शमूएलले सींङबाट तेल निकालेर यिशैको कान्छा छोराको शिरमा दाजूहरूका अगाडी त्यो खन्याई दिए। परमप्रभुको आत्मा एकदमै शक्तिको साथ दाऊदमाथि त्यस दिन देखि उत्रियो। त्यस पछि शमूएल रामा घरतिर फर्के।

- शाउल मरेपछि सबै इज्रेलीहरू तिनलाई राजा बनाउन भनी दाऊदकहाँ भेला भए ।

आउनुस् १ शमुएल ५:१-४ पद पढौं ।

पलिश्तीहरूले परमेश्वरको पवित्र सन्दूकलाई एबेन-एजेरबाट अश्दोद पुर्याए। 2 पलिश्तीहरूले परमेश्वरको पवित्र सन्दूकलाई दागोनको मन्दिरमा लगेर दागोनकै मूर्तिको छेउमा राखे। 3 भोलिपल्ट बिहान अश्दोदवासीहरूले दागोनको मूर्ति घोप्टो परेर परमेश्वरको पवित्र सन्दूक अघि भूईमा लडिरहेको देखे।

अश्दोदका मानिसहरूले फेरि त्यो मूर्ति त्यसको ठाउँमा उभ्याए। 4 अश्दोदवासीहरूले दागोनको मूर्तिलाई फेरि त्यहि ठाउँमा राखे। तर फेरि अर्को बिहान अश्दोदवासीहरूले दागोनको मूर्ति त्यसरी नै परमेश्वरको पवित्र सन्दूक अघिल्तिर लडिरहेको भेटे। यस बेला दागोनको टाउको र हातहरू भाँचिएर संघारको अघि लडिरहेको र जीउ मात्र त्यहाँ लडिरहेको भेटियो।

- शाउल र दाऊद कसरी भिन्न थिए ?

- शाउलले तिनी परमेश्वरबाट अलग भएर पापमा जन्मेका छन् भनी विश्वास गरेनन् ।

- तर दाऊदलाई तिनी परमेश्वरबाट अलग भएर पापमा जन्मेका छन् भनी थाहा थियो ।

- शाउलले परमेश्वरले सबै पापलाई मृत्युको दण्ड दिनुहुन्छ भनी विश्वास गरेनन् ।

- तर दाऊदलाई सबै पापको दण्ड मृत्यु हो भन्ने थाहा थियो ।

- शाउलले परमेश्वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भनी विश्वास गरेनन् ।

- तर दाऊदलाई केवल परमेश्वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भनी थाहा थियो ।

- शाउलले उद्धारकर्ता पठाउँछु भनी परमेश्वरले गर्नुभएको प्रतिज्ञामा विश्वास गरेनन् ।

- तर दाऊदलाई परमेश्वरले तिनलाई शैतान र मृत्युबाट बचाउन उद्धारकर्ता पठाउनुहुन्छ भन्ने थाहा थियो ।

- किनभने दाऊदले परमेश्वरमा विश्वास गरे त्यसैले तिनले परमेश्वरको आराधनामा धैरै भजनहरू लेखे ।

- दाऊदले परमेश्वरको आराधनामा धैरै भजनहरू लेखे जुन भजनहरू अहिले परमेश्वरको पुस्तक बाइबलमा राखिएका छन् ।

- किनभने दाऊद इज्रेलीहरूका राजा थिए त्यसैले तिनीसँग प्रसस्त पैसा थियो ।

- किनभने दाऊद इज्रेलीहरूका राजा थिए त्यसैले तिनले काठ, पत्थर, सुनचाँदीले बनेका ठूल्ठूला दरबार बनाए ।

- एकदिन तिनले आफ्नो दरबार र परमेश्वरको पालको बारेमा सोच्न थाले ।

आउनुस् २ शमुएल ७:१-३ पद पढौं ।

राजा दाऊद आफ्नो नयाँ घरमा सरेपछि, परमप्रभुले उसलाई इस्राएल वरिपरिका सबै देशका
शत्रुहरूबाट शान्ति दिनु भयो। 2 राजा दाऊदले नातान अगमवक्तालाई भने, "हेर्नुहोस्, म देवदारको
काठले बनेको सुन्दर घरमा छु तर परमेश्वरको पवित्र सन्दूक भने पालमा छ। हामीले पवित्र
सन्दूकको निम्त सुन्दर भवन बनाउनु पर्छ।"

3 नातानले राजा दाऊदलाई भने, "तपाईंलाई जे राम्रो लाग्छ त्यही गर्नुहोस्। परमप्रभु नै तपाईंसित
हुनुहुन्छ।"

- जब दाऊदले दरबार निर्माण गरि सिध्याए त्यसपछि तिनले के गर्न चाहे ?

- दाऊदले परमेश्वरको निम्ति भवन बनाउन चाहे ।

- के परमेश्वरलाई बस्नको निम्ति घरको खाँचो पर्छ ?
- पर्दैन ।

- एकै समयमा परमेश्वर जहाँसुकै हुनुहुन्छ र उहाँलाई बस्नको निम्ति घरको खाँचो पर्दैन ।

- यद्यपि परमेश्वरलाई बस्नको लागि घरको खाँचो पर्दैन तर परमेश्वरलाई दाऊदको मनमा आएको विचारले खुशी तुल्यायो ।

- त्यसपछि परमेश्वरले दाऊदलाई के भन्नुभयो ?

आउनुस् २ शमुएल ७:१२-१३क पद पढौं ।

[12] "'जब तिम्रो जीवन सिद्धिन्छ, तिमी मर्नेछौ अनि तिमीलाई तिम्रा पिता-पूर्खाहरूसितै गाडिने छ। तर त्यस समय म तिम्रो आफ्नै एक जना नानीलाई राजा बनाउनेछु। [13] उसैले मेरो मन्दिर निर्माण गर्नेछ।

- यद्यपि परमेश्वरलाई दाऊदको विचारले खुशी तुल्यायो तर परमेश्वरले परमेश्वरको भवन बनाउने दाऊद हुनेछैनन् भन्नुभयो ।

- परमेश्वरको मन्दिर बनाउने को हुनेवाला थियो ।

- दाऊदका छोरा सोलोमन ।

- किनभने दाऊदले परमेश्वरमा विश्वास गरे त्यसैले परमेश्वरले दाऊदसँग प्रतिज्ञा गर्नुभयो ।

- यहाँ परमेश्वरले दाऊदसँग गर्नुभएको कुराकानी लेखिएको छ ।

आउनुस् २ शमुएल ७:१६ पद पढौं ।

[16] तिम्रो वंश राजकीय वंशहुनेछ तिमी त्यसमाथि निर्भर हुन सक्छौ। त्यहाँ तिम्रो राज्य तिम्रो निम्ति सदा-सर्वदा रहनेछ। तिम्रो सिंहासन (राज्य) सदा-सर्वदा खडा रहनेछ।'"

- परमेश्वरले दाऊदसँग गर्नुभएको ठूलो प्रतिज्ञा के थियो ?

- दाऊदको वंशबाट उद्धारकर्ता पठाउनेछु भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो ।

- परमेश्वरले दाऊदसँग गर्नुभएको प्रतिज्ञा उहाँले अब्राहाम, इसहका र याकूबसँग गर्नुभएको प्रतिज्ञाजस्तै हो ।

- परमेश्वर उद्धारकर्ता पठाउनु हुँदै थियो जो सधैँसधैँलाई राजा बन्नुहुनेवाला थियो ।
- के परमेश्वरले उद्धारकर्ता पठाउँछु भनी गर्नुभएको प्रतिज्ञा भुल्नुभयो ?
- भएन ।

- परमेश्वरले हामीलाई पाप, मृत्यु र शैतानबाट बचाउन उद्धारकर्ता पठाउनेछु भनी गर्नुभएको प्रतिज्ञा सधैँ सम्झिनुभयो ।

- दाऊद मर्नुभन्दा पहिले तिनले परमेश्वरको भवन बनाउन धेरै तैयारीहरू गरे ।

- त्यसपछि दाऊले मन्दिर निर्माणको जिम्मेवारी तिनका छोरा सोलोमनलाई दिए ।

आउनुस् १ इतिहास २२:५-६ पद पढौं ।

5 दाऊदले भने, "हाम्रा परमप्रभुको निम्ति हामीले अत्यन्त विशाल मन्दिर बनाउनु पर्छ। तर मेरो
छोरा सुलेमान सानै छ यसर्थ त्यसले ती कुराहरू सिकेको छैन जो त्यसले जान्नु पर्छ। परमप्रभुको
मन्दिर अत्यन्त विशाल हुनु पर्छ। यो यसको विशाल अनि सुन्दरताको निम्ति सबै राष्ट्रहरूमा
प्रसिद्ध अनि उज्वल हुनुपर्छ। त्यसै कारण म परमप्रभुको मन्दिर निर्माण गर्नको लागि योजनाहरू
बनाउँने छु।" यसकारण उनको मृत्यु अघि दाऊदले मन्दिर निमार्णको निम्ति धेरै योजनाहरू बनाएँ
र सामग्रीहरू तयार गरें।
6 त्यस पछि दाऊदले आफ्ना छोरा सुलेमानलाई बोलाए उनलाई इस्राएलका
परमप्रभु परमेश्वरको निम्ति मन्दिर बनाउँनु भने।

- दाऊद मर्नुभन्दा पहिले तिनले आफ्ना छोरा सोलोमनलाई परमेश्वरको भवन बनाउन भने ।

- त्यसपछि दाऊद मरे र तिनका छोरा दाऊद इज्रेलीहरूका राजा बने ।

आउनुस् १ इतिहास २९:२६-२८ पद पढौं ।

26 यसकारण यिशैका छोरा दाऊद सम्पूर्ण इस्राएल माथि चालीस बर्षसम्म राजा थिए।
27 दाऊद हेब्रोन
शहरमा सात बर्षसम्म राज्य गरे। तब उनी यरूशलेम शहरमा तेत्तीस बर्षसम्म राज्य गरे।

- सोलोमन इज्रेलीहरूका राजा बनेपछि तिनले के गरे ?

आउनुस् २ इतिहास २:१क पद पढौं ।

सुलेमानले परमप्रभुको नाउँको सम्मानका निम्ति एउटा मन्दिर निर्माण गर्ने योजना गरे।

- तिनका बुबा राजा दाऊदले भनेजसरी नै सोलोमनले परमेश्वरको निम्ति भवन बनाए ।

- सोलोमनले परमेश्वरको निम्ति बनाएको भवनको नाउँ मन्दिर थियो ।

- सोलोमनले परमेश्वरको मन्दिर जेरूशलेम शहरमा बनाए ।

- जेरूशलेम शहर कनानको ठूलो शहर थियो ।

- ढुङ्गाको अग्लो पर्खालले जेरूशलेम शहरलाई घेरेको थियो ।

- सोलोमनले परमेश्वरको निम्ति बनाएको मन्दिर इज्रेलीहरूले मरुभूमिमा उहाँको निम्ति बनाएको पाल जस्तै थियो ।

- सोलोमनले परमेश्वरको निम्ति बनाएको मन्दिर इज्रेलीहरूले मरुभूमिमा उहाँको निम्ति बनाएको पालजस्तै कसरी थियो ?

- पालको पहिलो खण्ड पवित्र स्थान कहलिन्थ्यो ।

- मन्दिरमा पनि पहिलो कोठा थियो र त्यसको नाउँ पवित्र स्थान थियो ।

- पालको दोस्रो खण्ड महापवित्र स्थान कहलाइन्थ्यो ।

- मन्दिरमा पनि दोस्रो कोठा थियो र त्यसको नाउँ महापवित्र स्थान थियो ।

- परमेश्वरको पालमा यी दुई कोठालाई विभक्त गर्न पर्दा बनाइएको थियो ।

- मन्दिरमा पनि यी दुई कोठालाई विभक्त गर्न पर्दा बनाइएको थियो ।

- किनभने परमेश्वर पवित्र हुनुहुन्छ र सबै पापलाई घृणा गर्नुहुन्छ त्यसैले महापवित्र स्थानमा प्रधान पूजारी प्राय कहिले कहिले प्रवेश गर्थे ?
- वर्षमा एकचोटि मात्रै ।

- किनभने परमेश्वर पवित्र हुनुहुन्छ र सबै पापलाई घृणा गर्नुहुन्छ प्रधान पूजारीले महापवित्र स्थानमा गएर के गर्थे ?

- करारको सन्दुकमा तिनले जनावरको रगत छर्किन्थे ।

- करारको सन्दुकमा पूजारीले रगत छर्केपछि परमेश्वरले के गर्नुहुन्थ्यो ?

- परमेश्वरले पापको निम्ति उत्तम मोल तैयार नहोऊन्जेल उहाँले दिनुहुने दण्ड रोकेर राख्छु भन्नुभयो ।

- के जनावरको रगत मानिसहरूको पापको मोल तिर्न सक्षम थियो ?
- थिएन ।

- किन जनावरको रगत मानिसहरूको पापको मोल तिर्न सक्दैनथ्यो ?

- किनभने पापीको पापको मोल ऊ मरेपछि मात्रै पूरा हन्थ्यो ।

- सोलोमन राजा मरेपछि इज्रेलीहरूलाई के भयो ?

- इज्रेलीहरू तिनीहरूको अबको राजा को हुने भनेर छान्न असमर्थ भए ।

- उत्तरका दश कुल र दक्षिणका दुई कुल अलग भए ।

- उत्तरको दश कुल के कहलाइयो ?

- इजरायल ।

- दक्षिणको दुई कुल के कहलाइयो ?

- यहूदा ।

- धेरै राजाहरूले इजरायलमा शासन गरे र यहूदामा धेरै राजाहरूले शासन गरे ।

- तीमध्यै धेरै राजाहरूले परमेश्वरमा विश्वास गरेनन् ।

- केवल थोरै राजाहरूले मात्रै परमेश्वरमा विश्वास गरे ।